# वाली अवस्थाको संक्षिप्त जानकारी

अंक - १०, फाल्गुण २०६६


निम्न संख्याहरु द्वारा संयुक्त रुपमा प्रकाशित:
कृषि तथा सहकारी मन्त्रालय-खाद्य सुरक्षा अनुगमन इकाई
विश्व खाद्य कार्यक्रम-खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण इकाई


*वाली अवस्थाको संक्षिप्त जानकारी विभिन्न श्रोतहरुबाट प्राप्त विविध तथ्याङ्क तथा जानकारीहरु प्रयोग गरी तयार पारिएको हो, जस्तै–मौसम तथा जलबायु विज्ञान विभागबाट प्राप्त वर्षाको तथ्याङ्क, कृषि तथा सहकारी मन्त्रालयबाट प्राप्त वाली उत्पादनको  तथ्याङ्क, विश्व खाद्य कार्यक्रमको प्रत्यक्ष फिल्ड अनुगमन र कृषि तथा सहकारी मन्त्रालय एवं विश्व खाद्य कार्यक्रमले २०६६ पौषमा संयुक्त रुपमा सम्पन्न गरेको वाली उत्पादन अध्ययनवाट प्राप्त निचोढलाई आधार मानिएको छ ।*

## सार संक्षेप


- देश भर मनसुनी वर्षाको ढिलाई र असमान वितरणले २०६६ को वर्षे वाली उत्पादनमा ह्रास आयो । यस वर्ष धानको उत्पादन ४० लाख २४ हजार मेट्रिक टन र मकै वालीको उत्पादन १८ लाख ५५ हजार मेट्रिक टनमा सीमित् हुन पुग्यो, जुन गत वर्षको तुलनामा क्रमश: ११ र ४ प्रतिशतले कम हो ।
- समग्रमा हिउँदे वालीको पुर्वानुमान सकारात्मक भएता पनि आर्थिक वर्ष २०६६/६७ मा देशले उल्लेख्य रुपमा खाद्यान्न अभावको सामना गर्नु पर्ने पुर्वानुमान गरिएको छ ।  कृषि तथा सहकारी मन्त्रालयले २०६६ भाद्र महिनामा गरेको प्रारम्भिक अनुमान अनुसार आर्थिक बर्ष २०६६/०६७ को लागि आवश्यक पर्ने खाद्यान्नको कुल परिमाण ५४ लाख मेट्रिक टन मध्ये ४ लाख मेट्रिक टनले न्यून हुने जनाएको थियो । यसले करिब ७ प्रतिशत जनतालाई आवश्यक पर्ने जतिको खाद्यान्न अभावलाई जनाउँछ । अब हिउँदे वाली भित्रचाइए पश्चात् खाद्यान्न न्यूनताको त्यस आँकडामा पुनरावलोकन  हुनेछ ।
- बर्तमान अवस्थामा विश्वव्यापी खाद्यान्न बजारको स्थिति नेपालका लागि अनुकुल छैन । क्षेत्रीय स्तरमा हेर्दा प्राकृतिक प्रकोपका कारणले भारत र फिलिपिन्स जस्ता देशहरुमा उल्लेख्य रुपमा वर्षे वालीको उत्पादनमा ह्रास आयो जसले गर्दा चामल जस्तो मुख्य खाद्यान्न सामग्रीको मूल्यमा बृद्धी भयो । देश भित्र आन्तरीक रुपमा भएको उच्च बजार मूल्यको स्थिति यथावत नै कायम छ, तर आगामी दिनमा यो अझै बृद्धि भएर जाने सम्भावना छ । वर्षेनी भइरहने खाद्यान्न मूल्य  स्फितीको अवस्था  फाल्गुण महिनामा १८.१ प्रतिशत रह्यो (श्रोत: नेपाल राष्ट्र बैंक) ।
- वर्षे वालीको उत्पादनमा ह्रास आई बढी प्रभावित हुने जिल्लाहरु मध्य पश्चिमी र सुदूर पश्चिमी पहाडी तथा हिमाली क्षेत्रमा पर्दछन् । यी जिल्लाहरुमा वर्षे वालीको उत्पादन ३० देखी ५० प्रतिशतले ह्रास भयो । हाल जोखिममा परेका मानिसहरुले उच्च तथा गम्भीर खाद्य असुरक्षाको सामना गर्नु परेको अवस्था छ । यी जिल्लाहरुका घरधुरीहरुले निर्वाहमुखी खेती गर्ने र आकाशे पानीमा भर पर्नु पर्ने भएको कारणले गर्दा यस भेगमा सामान्य रुपमा उत्पादन हुने वर्षमा पनि  प्राय: जसो खाद्य अभाव हुने गर्दछ  । दुर्गमताको कारणले गर्दा पनि यी क्षेत्रहरुमा जीविकोपार्जनका विकल्पहरु सीमित् मात्रामा मात्र उपलव्ध छन् ।

## वर्षाको अवस्था




२०६६ सालको मनसुनी वर्षा निकै ढिला शुरु भयो । यो असार ९ गते बाट सुरु भएको भएता पनि श्रावण १० बाट मात्र क्रियाशिल  भयो । तत्पश्चात मनसुनी बर्षाको अवधि २० दिन सम्म लम्बिएर आश्विन २९ सम्म सक्रिय रह्यो । सामान्यत: मनसुनी बर्षा नेपालमा जेठ २७ बाट सुरु भएर आश्विन ७ सम्म क्रियाशील रहन्छ । नेपालमा जेठ र असार महिना धान वाली रोपाइकालागि अति उपयुक्त महिना हुन् । तर यसपाली मनुसुनी  वर्षामा भएको ढिलाइले गर्दा धान रोपाइमा व्यापक विलम्ब हुन गई पाँच प्रतिशत जति धान खेत बाँझै रहन गयो । यसका साथै, विशेष गरी पहाडी तथा हिमाली भेगहरुका कृषकहरुले छिप्पिएको बेर्ना समेत् रोप्नु पऱ्यो, जसले गर्दा धान वालीको उत्पादनमा ह्रास आयो ।

समग्रमा औसत वर्षाको परिमाण सामान्य भन्दा कम रह्यो । यहाँ सम्म कि बर्षे वाली अति न्यून रहेको बर्ष २०६३ सालको मनसुनी बर्षाको स्तर भन्दा पनि यस बर्षको मनसुनी बर्षा कम हुन गयो । यसका साथै, आश्विन १८ देखि २२ गते सम्म नेपालको अधिकांश भू–भागमा अत्यधिक वर्षा भयो । यसको कारणले मध्य पश्चिमी तथा सुदूर पश्चिमी जिल्लाहरुमा बाढी तथा पहिरो जस्ता प्राकृतिक प्रकोपका घटनाहरु भए । कतिपय क्षेत्रहरुमा चार दिनको अवधिमा भएको बर्षाको परिमाण सामान्यत: महिनाभरि हुने कुल बर्षात भन्दा पनि बढी रह्यो । बाँके, बर्दिया, कञ्चनपुर, कैलाली, डडेलधुरा, डोटी, अछाम, बाजुरा, दार्चुला, बझाङ्ग, जुम्ला, दैलेख, दाङ्ग, जाजरकोट, रुकुम,  रोल्पा र प्यूठान लगायतका मध्य पश्चिमी तथा सुदूर पश्चिमी क्षेत्रका जिल्लाहरुमा अत्यधिक वर्षाको फलस्वरुप वाली उत्पादनमा उल्खेख्य नोक्सानी भयो ।



## वर्षे वाली उत्पादन


धान, मकै र कोदोको उत्पादनले राष्ट्रिय अन्न वाली उत्पादनको झण्डै ८० प्रतिशत हिस्सा ओगट्छ । धान पहिलो मुख्य वाली हो र यो वाली अत्यधिक रुपमा तराई क्षेत्रमा लगाइन्छ, जहाँ राष्ट्रिय उत्पादनको ७० प्रतिशत भन्दा बढी धान उब्जाइन्छ । दोस्रो मुख्य वाली मकै बिशेषतः पहाडी तथा हिमाली जिल्लाहरुमा लगाइन्छ । केही पहाडी जिल्लाहरुमा भने कोदोले महत्वपूर्ण वालीको स्थान लिन्छ । समग्रमा धान वालीले राष्ट्रिय अन्न उत्पादनको ५०% भन्दा बढी अंश ओगट्छ ।

गत वर्षको तुलनामा यस वर्ष धानको उत्पादन झण्डै ५ लाख मेट्रिक टन (करिब ११%) ले घट्न गयो । धान उत्पादनमा आएको यो उल्लेख्य कमी खास गरी ढिलो र अपर्याप्त बर्षाको कारणले गर्दा भएको हो । लगभग ५ प्रतिशत धान वालीको खेत बाँझै रहन गयो र उत्पादकत्वमा सरदर ६.६ प्रतिशतले कमि भयो ।

गत वर्षको तुलनामा मकै वालीको उत्पादन लगभग ४ प्रतिशतले घट्यो । कोदोको उत्पादनमा भने २.३ प्रतिशतले बृद्धि भयो । यद्यपि, कोदोले कूल राष्ट्रिय अन्न उत्पादनको धेरै सानो अंश (लगभग ४ प्रतिशत) मात्र ओगट्ने हुनाले, यो बृद्धिले धान र मकै वालीको नोक्शानीलाई क्षतिपूर्ति गर्न पर्याप्त हुँदैन ।

पछिल्लो पृष्ठमा प्रस्तुत नक्शाहरुले विश्व खाद्य कार्यक्रमको फिल्ड अनुगमनमा समावेश भएका जिल्लाहरुमा गाविस स्तरमा भएको वाली (धान र मकै) को नोक्सानी सम्बन्धी अवस्था चित्रण गर्दछन् । बाजुरा, जुम्ला, दैलेख, सिरहा, ताप्लेजुङ्ग र सिन्धुपाल्चोक जिल्लाका केही क्षेत्रहरुमा गम्भिर रुपमा धान वालीमा नोक्सानी भएको रिपोर्ट छ । यी क्षेत्रहरुमा वाली नोक्सानी हुनुका मुख्य कारणहरुमा ढिलो तथा अपर्याप्त वर्षा तथा कतिपय स्थानमा भारी एवं विनाशकारी वर्षा, बाढी पहिरो, असिना र हुरी बतास रहेकाछन् ।


न्यून महत्व राख्ने स्थानीय वालीहरुको उत्पादन राष्ट्रिय स्तरमा अनुगमन नगरिएता पनि स्थानीय फिल्ड अनुगमनकर्ताहरुको सर्वेक्षणले दिएको जानकारी अनुसार यी वालीहरु पनि मुख्य वालीको उत्पादन सरह नै न्यून भएकाछन् ।





### वर्षे वाली उत्पादन

| | आर्थिक वर्ष २०६६ उत्पादन | | | गत वर्षको तुलनामा % मा परिवर्तन | | |
|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (,000 हे) | उत्पादन (,000 मे.ट.) | उब्जनी (के.जि. /हे) | क्षेत्रफल | उत्पादन | उब्जनी |
| **धान** | १,४८१ | ४,०२४ | २,७१६ | -४.८ | -११.१ | -६.६ |
| **मकै** | ८७६ | १,८५५ | २,११९ | ०.० | -३.९ | -३.९ |
| **कोदो** | २६८ | ३०० | १,११६ | १.० | २.३ | १.४ |

**गत १५ वर्ष यताको वर्षे वाली उत्पादन**




## हिउँदे वालीको पुर्वानुमान

देश भर हिउँदे वाली गहुँ र जौको हालसम्मको अवस्था सामान्य भन्दा राम्रो रहेको रिपोर्ट छ । गत वर्षको तुलनामा वाली लगाइएको जमीनको क्षेत्रफलमा पनि बृद्धि भएको छ । अनुकुल बर्षाको कारणले समग्र वाली उत्पादनमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ । यसका साथै यस बर्ष लम्बिएको मनसुनी बर्षाले माटोको चिस्यानलाई कायम राखेको हुँदा यसले हिउँदे वालीको बीउ उम्रने तथा हुर्कने प्रारम्भिक अवस्थामा धेरै सहयोग पुऱ्यायो ।

यद्यपि, केहि भौगोलिक क्षेत्रहरु जस्तै-हुम्ला, मुगु, रोल्पा, पूर्वी बाजुरा, रौतहट, सिरहा र सप्तरीमा अपर्याप्त बर्षाको कारणले हिउँदे वालीको अवस्था मध्यमस्तरीय रुपमा रहेकोछ र ती क्षेत्रहरु चासोका रुपमा रहेकाछन् । यी क्षेत्रहरुमा हिउँदे वालीको हुर्कने अवस्थामा बर्षातको वितरण राम्रो नभएमा वाली उत्पादन घट्न सक्नेछ ।




अछामको गहुँ बारी

## खाद्यान्न वासलात र असर


धान, मकै र कोदोले वार्षिक उत्पादनको करीब ८० प्रतिशत अंश ओगट्ने हुनाले यो वर्ष बर्षे वाली उत्पादनमा आएको कमिले राष्ट्रिय खाद्यान्न वासलातमा उल्लेख्य प्रभाव पारेको छ । कृषि तथा सहकारी मन्त्रालयले भाद्र २०६६ मा गरेको प्रारम्भिक अनुमान अनुसार २०६६/०६७ मा कूल ५४ लाख मेट्रिक टन खाद्यान्न आवश्यक पर्ने तर उपलब्धताको तुलनामा ४ लाख मेट्रिक टनले खाद्यान्न अभाव हुने जनाएकोछ । यो तथ्याङ्क हिउँदे वाली भित्र्याएपछि पुनरावलोकन हुनेछ ।

विगतका बर्षहरुको तथ्याङ्क हेर्दा बढ्दो जनसंख्याको बढ्दो माग अनुसार उत्पादन बढ्न सके को छैन । २०६६ को हिउँदे वाली उत्पादन सामान्य भन्दा राम्रो भएता पनि देशले आर्थिक बर्ष २०६६/०६७ मा खाद्यान्न अभावको सामना गर्नु पर्ने पुर्वानुमान गरिएको छ ।




# धान वाली उत्पादन

पौष, २०६६




# मकै वाली उत्पादन

पौष, २०६६




यो परियोजना युरोपियन युनियन अन्तर्गत खाद्य सहयोग कोषको सहयोगमा संचालित छ। यस बुलेटिनमा प्रकाशित विचारहरुले युरोपियन यूनियनको विचारहरुलाई प्रतिबिम्बित गर्दछ भन्ने कुनै जरुरी छैन।